(८४) ३५६

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. १३७/२०७१/०७२

निर्णय नं.३१६

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाण्डौ बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल.........................................१ निवेदक

विरुद्ध

कार्यालय प्रमुख (सचिव), महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ....................................................................................................१ विपक्षी

सूचना अधिकारी, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ....................................................................................................१

विषय :- तामेलीमा राख्ने ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स. ५ स्थायी घर भै हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२ काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रितालले महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरवार, काठमाण्डौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले सूचना उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।२५ मा पुनरावेदन गरेको । तत् सम्बन्धमा यस आयोगबाट मिति २०७१।०९।१ मा माग अनुसारको सूचना उपलब्ध गराउन आदेश भएको । तत् पश्चात निज पुनरावेदकले सूचना पाईन भनी २०७१।१२।२३ मा उजुरी गरेकाले आयोगबाट मिति २०७१।१२।२९ मा पुनः सूचना उपलब्ध गराउन ताकेता पत्र लेखी गएकोमा यस लामो समयको अन्तरालमा पुनरावेदकले पुनः सूचना पाईन भनी उजुरी नगरेको अवस्था देखिदा भविष्यमा निजले सूचना प्राप्त नभएको भनी उजुरी/निवेदन गरेमा थप कारवाही गर्न सकिने नै हुँदा हाललाई प्रस्तुत मिसिल तामेलीमा राखिएको छ । पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७२ साल मंसिर १५ गते रोज ३ शुभम ।